आज मिति २०७२ साल आश्विन १६ गते शनिवारका दिन विहान ११ वजे नगरपालिकाको सभाहलमा निजगढ नगरपालिकाको मिति २०७२/५/२६ गतेको वोर्ड वैठकमा निर्णय भए वमोजिम निजगढ नगरपालिकाका प्रमुख एवम कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल ज्यूको अध्यक्षतामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९० को उपदफा ९ वमोजिम निजगढ नगरपालिकाको नगरपरिषदको विशेष बैठक वस्यौं । आजको उपस्थिति यस प्रकार छ ।

<u>उपस्थिति</u>

प्रमुख एवम कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल

<u>आमन्त्रीत</u>

लेखापाल श्री राजेन्द्र कुमार कार्की

सव-इन्जिनियर श्री नविन खनाल

अमिन श्री विनोद कुमार महत्तो

<u>प्रस्तावहरु</u>

१, भवन मापदण्ड सम्वन्धी निर्देशिका पारित सम्वन्धमा ।

२, बजेट, योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

३, आ.व. २०७२/२०७३ देखि लागु गर्ने करका दरहरु सम्वन्धमा ।

४, धन्यवाद प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

<u>निर्णयहरु १</u>

प्रस्ताव नं. १ माथी छलफल गर्दा नगरपालिका वोर्डको मिति २०७२/६/१२ को निर्णयवाट "<u>निजगढ नगरपालिकाको बस्ति विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड सम्वन्धी निर्देशिका-२०७२</u>" अनुमोदन गरी प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव पारित गर्ने निर्णय गरियो । सो निर्देशिका आजैका मितिदेखि लागु गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथी छलफल गर्दा नगरपालिका वोर्डको मिति २०७२/६/१२ को निर्णय अनुसार तपसीलको वजेट, योजना तथा कार्यक्रम संशोधन, परिमार्जन तथा थपघट गरी पारितको लागी प्रस्ताव पेश भएकोमा सो वजेट, योजना र कार्यक्रम आजैका मिति देखि लागु हुने गरी पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथी छलफल गर्दा निजगढ नगरपालीकाका नगरस्तरीय राजश्व परामर्श समितिको मिति २०७२/६/९ को सिफारिश तथा नगरपालिका वोर्डको मिति २०७२/६/१२ को निर्णय अनुसार तपसील वमोजिम पेश हुन आएको संशोधित करका दरहरुका प्रस्ताव पारित गरी आजैका मिति देखि लागु गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथी छलफल गर्दा निजगढ नगरपालिकाको यस विशेष परिषद वैठक सफल वनाउन सहयोग गर्ने कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकार मित्रहरु र यस नगरपालीका कार्यालयको भवन निर्माणको लागी जग्गा दान गरी जग्गा उपलव्ध गराउनु हुने सबै जग्गादाताहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

पारित गरिएका वजेट, योजना तथा कार्यक्रम र करका दरहरु क्रमश अर्को पेजमा संलग्न छन ।

क्रमश:-

This PDF file is Created by trial version of Quick PDF Converter Suite.
Please use purchased version to remove this message.